पाल्पा समाचारपत्र

Palpa Samacharpatra, Weekly

साप्ताहिक

शान्ति र लोकतन्त्रका लागि पूर्ण प्रेस स्वतन्त्रता, आजको आवश्यकता
-पाल्पा समाचारपत्र साप्ताहिक, पाल्पा

वर्ष ३ | अंक : ३८ | २०७१ बैशाख १० गते बुधवार | 23 April. 2014, wednesday | पृष्ठ संख्या ६ | मूल्य : १० रुपैयाँ

महिला हिंसा अन्त्यको माग

पाल्पा/पाल्पाका महिलाहरुले महिला हिंसा अन्त्यको माग गरेका छन् । महिला हिंसाकै कारण कतिपय महिलाहरुले आत्महत्याको बाटो रोज्न बाध्य भएको बताउँदै उनीहरुले यस खालका हिंसामा संलग्न ब्यक्तिहरुलाई कारवाही हुनुपर्ने बताएका छन् । महिला हिंसा अन्त्यको माग गर्दै सदरमुकाम सोमवार तानसेनमा झण्डै ४ घण्टा सयौ महिलाहरुले प्रदर्शन गरेका छन् ।

गत चैत १९ गते बराङ्दी गाविसकी २९ वर्षीया श्यामकला अधिकारीको रहस्यमय मृत्यु भएपछि श्यामकलाको मृत्युमा उनका परिवारका सदस्यहरु दोषी रहेको भन्दै दोषीमाथि कारवाहीको माग गर्दै हजारौ महिलाहरुले गरेका छन्। महिला हिंसा अन्त्य गर, मृतक श्यामकलाका हत्यारालाई कारवाही गर, टुहुरा बालबालिकालाई न्याय देउ लगायतका नारा सहितका प्लेकार्ड लिएर महिलाहरु प्रदर्शन उत्रेका थिए ।

आफ्ना श्रीमान बिदेशबाट फर्केको ४ दिनमै श्यामकलाको शव घरको कोठामा झुण्डिएको अवस्थामा फेला परेको थियो । श्यामकलाको मृत्युपछि प्रहरीको अनुसन्धानको क्रममा उनका पतिले बिदेशमा रहेका बेला पटक पटक मानसिक दवाव दिएर पठाएका चिठीपत्र फेला परेपछि श्यामकलाले परिवारका सदस्यबाटै हिंसा खेप्दै आएको पाइएको हो । उनका श्रीमान जीवन अधिकारीले पठाएको पत्रमा दाइजो कम ल्याएकोले पटक पटक झुण्डिएर मर्न दवाव दिइएको पत्र फेला परेको छ । श्यामकलाले लेखेको पत्रमा दाइजोकै कारण मेरो मृत्यु हुँदैछ भनेर उल्लेख भएको पाइएको छ ।
स्थानीय बराङदी प्राथमिक बिद्यालयमा बाल सहयोगी शिक्षिका समेत रहेकी श्यामकलाको तलव समेत देवर शंकरले बुझ्दै आएको स्थानीय बासिन्दाहरुले बताएका छन्। श्यामकलाका ५ वर्षीया छोरी र ३ वर्षीय छोरा रहेका छन् । श्यामकलाको मृत्युपछि उनको शवलाई पोष्टमार्टमका लागि काठ्माण्डौ पठाइएको रिपोर्ट पनि आउन बााकी रहेकोले अनुसन्धान भइरहेको पाल्पाका प्रहरी नायव उपरीक्षक शिवकुमार श्रेष्ठले बताए ।

श्यामकलाको मृत्युपछि अनुसन्धानका लागि भन्दै प्रहरीले उहााका श्रीमान, देवर, सासु र नन्दलाई हिरासतमा राखेको छ । स्थानीय बासिन्दाहरुले भने श्यामकलाको मृत्युको कारण उनकै घरका सदस्यहरु रहेकोले उनीहरुलाई कारवाही हुनुपर्ने बताएका छन्। महिला हिंसाको बिरोधमा उत्तर पाल्पाका बराङदी, यम्घा, चापपानी, खानीगाउँ सहित श्यामकलाका माइती स्यांगजाको मालुंगा गाविस सहितका हजारौ महिलाहरुले सोमवार दिनभर जिल्ला प्रशासन कार्यालय पाल्पा अगाडि प्रदर्शन गरेका छन् । दाइजो नल्याएको भन्दै पतिले पटक पटक तनाव दिएपछि श्यामकलाको मृत्यु भएको भन्दै स्थानीय महिलाहरुले दोषीमाथि कारवाहीको माग गरेका छन् ।

टुहुरीको दुःखमा दुःख थपियो

पाल्पा/बराङ्गदी गाविस वडा नं. ५ की लक्ष्मी पाँडे मगरले मुटुको उपचारको लागी सहयोग गर्न अपिल गरेकी छिन्। २०५६ साल देखी मुटु रोग बाट पिडित बन्दै आएकी लक्ष्मीले हाल सम्म सवैको सहयोगमा नियमित चेकजाचा गरेपनि अन्तिम अवस्थामा मुटुको भल्व नै फेर्नु पर्ने भएकोले सवै लाई सहयोग गर्न अनुरोध गरे । हजुरहरुले सहयोग गर्नुभयो भने मेरो जिवन रहने छ नत्र घर बाट रकम जुटाउने कुनै पनि आयश्रोत छैन लक्ष्मीले गरिन् ।

पाल्पाली पत्रकारहरु संग कुराकानी गर्दै मुटुरोगी लक्ष्मीले घरमा बुढी आमा मात्र हुनुहुन्छ, मेरो अन्य दाजुभाई दिदिबहिनी को ही छैनन २०५६ सालमा गाउँ गाउँमा चन्दा उठाएर विर अस्पतालमा मुटुको भल्व काटेर नली बनाई उपचार गरेपनि पुन रोग रोग बल्झियो। २०६२ सालमा गंगालाल अस्पतालमा पुन मुटुको अपरेशन गरी २ वटा नली बनाई बाच्न सफल भएपनि चिकित्सकले मुटुको भल्व नै फेर्नु पर्ने बताएका थिए तर आर्थिक अभावको कारण आफु समस्यामा परेको लक्ष्मीले पत्रकारहरु संग बताइन् । मुटुको २ वटा भल्व फेर्न रु ५ लाख र अस्पताल सेवा वापत खर्च १ लाख ३० हजार गरी तत्काल ६ लाख ३० हजार भएपछि मात्र अपरेशन हुने भएकोले सहयोग गर्न उनले आग्रह गरिन् । रकम संकलनको लागी लक्ष्मी कुमारी पााडे मगरको नाममा गरिमा विकास बैकंमा ००६०००१११२०५ नम्वर भएको खाता समेत खोलिएको छ ।

लक्ष्मीको जिवन रक्षाको लागी आफन्त, गाउँवासीले लक्ष्मी बचाउ अभियान समेत संचालन गरी चन्दा सहयोग माग्दै हिडेका छन । घरमा सम्पत्तिको नाममा ५ रोपनी पाखो बारी, २ वटा बाख्रा र १ वटा भैसी मात्र छ, आमा तिलकुमारी पााडे मगर बढी भएर काम गर्न नसक्ने अवस्थामा पुगेकी छन । बाबु हेम बहादुर पााडेमगर भारतको भुपालमा रोजगारीको लागी गएपनि उतै मृत्यु भएको, घरको काम समेत आफन्त ईष्टमित्रले गरिदिदै आएको साईला बा कृष्ण बहादुर पाँडे मगरले बताए । सोही अवसरमा पत्रकार कृष्ण पोखरेलले मुटुरोगी लक्ष्मी लाई रु ५ सय रुपियाँ सहयोग गरेका छन् ।

खेत कसको जोत्नेको

कृष्ण पोखरेल

पाल्पाली भूमिहिन किसानहरुको दुखेसो

तानसेन/भुमि अधिकार मञ्च पाल्पाले सुरक्षित घरवास सवैलाई, खेतीयोग्य जमिन जोताहा किसानलाई दिनुपर्ने माग राखेका छन । जिल्लाका भुमिविहिनहरुले सवै जनतालाई गास, वासको व्यबस्था सरकारले अनिवार्य रुपमा गर्नुपर्ने अन्यथा भुमिहिन किसानहरु आन्दोलनमा उत्रिने बताएका छन । जिल्लाका भुमिहिनहरुले सरोकारवाला पक्षहरु संग तानसेनमा अन्तरकृया गर्दै दर्ता छुट, सुकुम्वासी, अव्यबस्थित बसोवास, गुठी र मोही जग्गाहरु लाई व्यस्थित गर्दै किसानहरु लाई जमिन वितरण गर्न माग राखेका छन् ।

पाल्पाको तानसेन नगरपालिका वडा नं ९ र १४ मा १९१ घरपरिवार, चितुङधारा गाविसमा ५० घरपरिवाहरुले दर्ताछुट जग्गामा जोतभोग तथा बसोबास गर्दै आएको, तानसेन नगरपालिका ५६ घरपरिवार सुकुम्वासी बसोबास रहेको, पाल्पामा २१ वटा राजगुठी र ३१ वटा निजी गुठीमा जोताहा किसानले मोही हक पाउने व्यवस्था भएपनि किसानहरुले मोही हक बाट बञ्चित भएको र खेतियोग्य जमिन घडेरीमा प्लटिङ भएकोले व्यस्थित रुपमा काम गर्न भुमि अधिकार मञ्च पाल्पाले माग गरेको छ ।

मञ्चले बर्षौदेखी अधियामा काम गर्दै आएका किसानको लागत संकलन गर्नुपर्न, उनीहरु लाई मोहीयानीहक कायम गर्नुपर्ने, दर्तावाला मोहीलाई जग्गाको व्यबस्था गर्नुपर्ने, जिल्लामा अधिकार सम्पन्न भुमि आयोग गठन गरी नापि गर्ने, फिल्ड बुक तयार गर्नुपर्ने, सम्पुर्ण गुठी जग्गा रैतानी हुने व्यबस्था संविधानमै उल्लेख गर्नुपर्ने, सुकुम्वासी समस्या समाधान आयोग गठन गरी सुकुम्वासीहरु लाई जग्गाधनी प्रमाणपत्र दिनुपर्ने, सार्वजनिक जग्गा अतिक्रमण गर्नेलाई तत्काल कारवाही गर्नुपर्ने, जग्गा प्लटिङ गरी घडेरीको रुपमा बेचविखन गर्न रोक लगाउनु माग राख्दै आएको छ ।

छलफल कार्यक्रममा मञ्चका केन्द्रिय महासचिव ल्याम बहादुर दर्जिले देशभरीमा १४ लाख घरपरिवार जग्गा, बास विहिन भएकोले जो जहा बसेको छ त्यहीको जग्गा लाई लालपुर्जा दिनुपर्ने, संविधानमा भुमिहिनको अधिकार उल्लेख हुनुपर्ने बताउदै अहिले ५३ जिल्लामा मञ्च गठन गरेको बताए । कार्यक्रममा सहजकर्ता सुभराज चौधरी, जगत बहादुर देउजाले भुमिअधिकारको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा राजनितिक दलका नेताहरु, पत्रकार, सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख, मालपोत प्रमुख नवराज बराल लगायतको सहभागिता रहेको थियो । मञ्चका अध्यक्ष रोम बहादुर रानाको सभापतित्वमा भएको कार्यक्रमको संचालन सचिव लक्ष्मी श्रेष्ठले गरेकी थिईन् ।

अवसरको खोजीमा दृष्टिबिहीनहरू

खस्यौली गाविस वडा नं. ६ की २२ वर्षीया दृष्टिबिहीन सम्झना थापाले लोकदोहोरी गीत मज्जाले गाउछिन्। अरु कलाकारले गाइसकेका गीत मात्रै हैन आफैले नयाा गीत बनाएर गाउन सक्ने राम्रो प्रतिभा छ सम्झनामा। तर अहिलेसम्म उनको कला र क्षमता स्थानीय स्तरमा मात्रै सीमित छ।

पाल्पा/जिल्लामा हुने अधिकांश औपचारिक र अनौपचारिक कार्यक्रमहरुमा उनीहरु पुग्छन् । सेतो छडीको साहाराले स्टेजमा उभिएर गीत गाउँदै गर्दा गीत सुनेर सहभागीहरुको खुबै मन छुन्छ र सबैजना उनीहरुको गीतसँगै रमाउँछन् । तर यसरी गीत गाउँदै आएका पाल्पाका दृष्टिबिहीनहरु भने स्टेजमा गीत गाएर मात्रै खुशी छैनन् । उनीहरुको एउटै रहर छ क्यासेट एल्वममा गीत गाउँने ।

खस्यौली गाविस वडा नं. ६ की २२ वर्षीया दृष्टिबिहीन सम्झना थापाले लोकदोहोरी गीत मज्जाले गाउछिन् । अरु कलाकारले गाइसकेका गीत मात्रै हैन आफैले नयाा गीत बनाएर गाउन सक्ने राम्रो प्रतिभा छ सम्झनामा । तर अहिलेसम्म उनको कला र क्षमता स्थानीय स्तरमा मात्रै सीमित छ । सम्झनाले अगाडि भनिन् "के गर्नु क्यासेट निकाल्न पैसा छैन, हामी जस्ता गरिवसित भएको क्षमताको कसले पो कदर गर्छ र ?" दमकडा उच्च मावि मदनपोखराबाट कक्षा १२ उत्तीर्ण सम्झनाको एउटै सपना कलाकार बन्ने र देशभरि चिनिने रहेको छ। बुटवल बहुमुखी क्याम्पस बुटवलबाट नेपाली बिषयमा स्नातक उत्तीर्ण बासटारीकी २९ वर्षीया अनिता बिपीमा पनि गीत गाउने राम्रो प्रतिभा छ। स्थानीय स्तरका कार्यक्रममा गीत गाएर उनले पुरस्कार र प्रमाणपत्र बट्याउनुभएको छ। तर ती पुरस्कार र प्रमाणपत्र भन्दा पनि एउटा कलाकारको रुपमा सबैमाँझ परिचित हुने उनको योजना छ तर यो सबै कामका लागि सबैभन्दा ठूलो बाधक पैसा बनेको छ। उनले भनिन् "हामी सबैले लोक दोहोरी र आधुनिक गीत गाउँन सक्छौ तर क्यासेट एल्वम निकाल्ने सम्म हाम्रो पहुँच पुगेन।"

हाल मदनपोखरा गाविस स्थित दमकडा उच्च माविको दृष्टिबिहीन शाखामा बसेर अध्ययन गर्दै आएका तोया बिकले ४ वटा बढी लोकदोहोरी क्यासेट एल्वममा स्वर दिइसकेका छन् । गत वर्ष सामुदायिक रेडियो मदनपोखराले संचालन गरेको बिशाल लोकतारा कार्यक्रममा उत्कृष्ट भएपछि तोयाले निःशुल्क रुपमा एल्वम निकाल्ने मौका पाएका थिए । अहिले उनले स्थानीय पश्चिमाञ्चल एफएममा लोकदोहोरी कार्यक्रम संचालन समेत गर्दै आएका छन् । तोयाले अगाडि भने "अवसर पाए भने सबै जसो दृष्टिबिहीनहरुले मैले जस्तै गीत गाउन सक्छन् उनीहरुका लागि अवसरको खाँचो छ।"

धुमपान स्वास्थ्यका लागि हानीकारक छ।

जि.प्र.का.पाल्पा द.नं. ७/२०६७/०६८ जि.हु.का.पा.द.नं.१३/२०६७/०६८

पाल्पा समाचारपत्र
Palpa Samacharpatra, Weekly
साप्ताहिक

प्रधान सम्पादक
भगवान भण्डारी

सम्पादक / प्रकाशक
यज्ञमूर्ति तिमिल्सिना

कार्यकारी सम्पादक
टिकाराम बस्याल

कार्यालयः मखनटोल दरबारगेट अगाडि तानसेन ४, पाल्पा
सम्पर्क- ९८५७०६०१६३(प्रधानसम्पादक)
- ९८४७०६९७३९(सम्पादक)
इमेलः repoter.palpa@gmail.com
palpalinews@gmail.com
मुद्रकः महेन्द्र अफसेट प्रेस कैलाशनगर, तानसेन पाल्पा ।

सम्पादकीय

महिलाका अगुवाहरू कहाँ छन् ?

यो साता पाल्पामा महिला हिंसाबारे निकै बहस भयो । सडकमा महिलाहरु उत्रिए र महिला हिंसा अन्त्यको माग गरे । बराङदी गाविसको एक प्राविमा बालसहयोगी शिक्षिकाको रुपमा रहेकी श्यामकला अधिकारीको मृत्युवरणपछि महिला हिंसाको रुप बाहिर आयो । गाउँका महिला सडकमा उत्रिए । सोमवार दिउँसो दिनभरि उनीहरुले जिल्ला प्रशासन कार्यालय अगाडि असिन पसिन भएर चिच्याए र श्यामकलाको मृत्युका दोषीहरुलाई कारवाहीको माग गरे । समाजको सबैभन्दा सचेत वर्ग भनेकै शिक्षक हो समाजका सबै ब्यक्तिले शिक्षकले भनेपछि मान्छन् यसर्थ पनि उनीहरुलाई समाजको अगुवा मानिन्छ । शिक्षकले भनेको सबैकुरा ठिक हुन्छ भनेर बुझ्छन् । तर त्यही सचेत समुदायकी एक जना पात्र श्याम कला आफैमा पिडा लिएर बाचेकी रैछिन् । उनी घरमा रहँदादेखि बिद्यालय पुग्दासम्म पनि पिडा भोगेकी रैछिन् ।

पटक पटक पिडाका शब्द थोपरेर पतिले पठाएका चिठीपत्रले उनले मन अमिलो बनाएको रैछ। अझै त्यसमाथि केटाकेटीको सिगान पुछ्दै क ख सिकाएको श्यामकलाको तलव समेत उनका देवरले बुझ्दा रैछन् । यो लज्जित बिषय हो । जसले पाल्पाको अरु शिक्षण संस्थाहरुको बारेमा समेत छानविनको आवश्यकता देखाएको छ । सचेत वर्गको जमघट रहने बिद्यालयमै यस्ता क्रियाकलाप हुनुले अहिले पनि प्रधानाध्यापक र अध्यक्षहरु कुन दुनियामा छन् भन्ने कुराको संकेत गर्छ ? उनीहरुलाई पनि छानविनको दायरामा ल्याइनुपर्छ । श्यामकलाले आफ्नो पत्रमा आफूले आत्महत्या गर्ने कुरा खुलाएकी छिन् र त्यसको खास कारण दाइजो हो भनेकी छिन् । यो पनि एउटा डरलाग्दो बिषय हो । सदरमुकामदेखि गाउँ गाउँसम्म महिलाहरु सचेत भएका छन् भन्ने कागजी उपलब्धिहरु देखाएर धेरै महिलाहरुले कमाउने धन्दा चलाएका छन् । सरकारी र गैरसरकारी निकायका महिला अगुावहरुले उनै महिलाहरुलाई देखाएर भाषणभुषण गरेर लाखौ कुम्लाएका छन् तर समाजकै सचेत वर्ग मानिएको एक जना शिक्षिकाको अवस्था यस्तो रैछ ।

जिल्लामा यस्ता बिषयहरु धेरै छन्, जुन लुकेका छन् । महिला अगुवाहरुले यस्ता बिषयमा किन ध्यान दिन सक्दैनन् । किन राम्रा कुरा मात्रै बाहिर आउँछन् यस्ता बिषयहरु किन सार्वजनिक हुँदैनन् । श्यामकलाको समस्या समयमै पहिचान गर्न सकेको भए यो अवस्था आउने थिएन । यस्ता श्यामकलाहरु समाजमा धेरै छन् । खोजीनीति हुनुपर्छ । मीठा भाषण गरेर तलव पकाउनेमा भन्दा पनि लक्षित वर्ग सम्मै पुग्नुपर्छ ।

सत्यनिरुपणको राजनीति

लेख

✍ डा. अंगराज तिमिल्सिना

जनआन्दोलन दबाउन गरिएको बलप्रयोग, हत्या, हिंसा, यातना लगायत राज्यका मानवअधिकार विरोधी गतिविधिहरूको अनुसन्धान गरी दोषीलाई कारबाही गर्न भनेर २०४६ को जनआन्दोलनपछि बनेको मल्लिक आयोग र ०६२ को लोकतन्त्रको आन्दोलनपछि बनेको रायमाझी आयोग यसैका उदाहरण हुन् । अन्ततोगत्वा देशको सर्वोच्च नेतृत्व सम्हालेर तानाशाही शासन चलाएका तत्कालीन राजा नै तानिने भएका कारण कार बाही अगाडि नबढाइएको आशंका गरिन्छ । प्रचण्डको सरकारले तत्कालीन सेनापति रुक्मांगद कट्वाललाई रायमाझी आयोगको निष्कर्षमा टेकेर एउटा व्यक्तिमाथि मात्र कारबाही बढाउनुले न्याय र कानुनको हेक्का कम तर राजनीतिक प्रतिशोधको भावना ज्यादा जस्तो देखियो । अहिले नेपालमा सत्य र मेलमिलाप बारेको राजनीति चर्किएको छ । छलफलका लागि संविधानसभामा प्रस्तुत गरिएको सत्य र मेलमिलाप सम्बन्धी विधेयक निकै चर्चाको विषय बनेको छ ।

शान्ति र मेलमिलापबारे विश्वविख्यात धर्मगुरु डेस्मन्ड टुटु, जसले दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मण्डेलाद्वारा गठन गरिएको शान्ति र मेलमिलाप आयोगको नेतृत्व सम्हालेका थिए, उनको भनाइ थियो, ‍माफी दिनु भनेको स्वार्थनिहित बडप्पनमात्र होइन, यो व्यक्तिगत स्वार्थकै सवोत्कृष्ट रूप हो, किनभने माफी दिने प्रक्रियामा घृणा र रिस दुबै भावनाहरू संलग्न हुन्छन् । त्यसैले माफी दिने प्रक्रियामा गल्ती गर्नेले सार्वजनिक रूपमा आफूले गल्ती गरेको स्वीकारोक्ति गर्नु जरुरी हुन्छ । होइन भने माफीको अर्थ छैन । दर्शनशास्त्र जस्तो ठानिने तर मानवीय पक्षको व्यावहारिकतालाई गहिरोसँग केलाउन सफल टुटुको दृष्टिकोणले दक्षिण अफ्रिकाको सत्य र मेलमिलापलाई विश्वकै एउटा उदाहरणका रूपमा स्थापित गर्न सघायो ।

द्वन्द्वबाट शान्तिमा रूपान्तरीत वा तानाशाही सैनिक वा एकतन्त्रीय राजनीतिक पद्धतिबाट लोकतन्त्रतिर फड्को मार्न सफल भएका धेरै देशहरूमा सत्य र मेलमिलाप आयोगले ठूलो भूमिका खेलेको देखिन्छ । तर यी आयोगहरूको प्रभावकारिता आयोगलाई दिइएको अधिकार, आयोगमा सहभागी हुनेहरूको सामाजिक प्रतिष्ठा, व्यक्तित्व, अनुभव र निष्पक्षता, आयोगको अनुसन्धानपछि राज्यको न्यायप्रणाली महान्यायाधिवक्ताको कार्यालय र अदालतहरू ले अगाडि बढाउने काम-कारबाहीमा भर पर्छ । नेपालकै सन्दर्भमा हेर्ने हो भने सत्य-तथ्य पत्ता लगाएर दोषीलाई कारबाही गर्न गठन गरिएका आयोगका प्रतिवेदन अक्सर सरकारका पुराना आलमारीमा थन्किने गरेको पाइन्छ ।

जनआन्दोलन दबाउन गरिएको बलप्रयोग, हत्या, हिंसा, यातना लगायत राज्यका मानवअधिकार विरोधी गतिविधिहरूको अनुसन्धान गरी दोषीलाई कारबाही गर्न भनेर २०४६ को जनआन्दोलनपछि बनेको मल्लिक आयोग र ०६२ को लोकतन्त्रको आन्दोलनपछि बनेको रायमाझी आयोग यसैका उदाहरण हुन् । अन्ततोगत्वा देशको सर्वोच्च नेतृत्व सम्हालेर तानाशाही शासन चलाएका तत्कालीन राजा नै तानिने भएका कारण कारबाही अगाडि नबढाइएको आशंका गरिन्छ । प्रचण्डको सरकारले तत्कालीन सेनापति रुक्मांगद कट्वाललाई रायमाझी आयोगको निष्कर्षमा टेकेर एउटा व्यक्तिमाथि मात्र कारबाही बढाउनुले न्याय र कानुनको हेक्का कम तर राजनीतिक प्रतिशोधको भावना ज्यादा जस्तो देखियो ।

अहिले नेपालमा सत्य र मेलमिलाप बारेको राजनीति चर्किएको छ । छलफलका लागि संविधानसभामा प्रस्तुत गरिएको सत्य र मेलमिलाप सम्बन्धी विधेयक निकै चर्चाको विषय बनेको छ । मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघका प्रमुख नेभी पिल्ले ‍नेपालको यो विधेयक युद्धकालमा मानवअधिकारको जघन्य उल्लंघन गर्नेहरूलाई आममाफी दिन उपयोग हुनु खतरा औंल्याएकी छन् । यो विधेयकले मानवता विरोधी गतिविधिलाई कानुनको दायरामा ल्याउनुपर्ने अन्तराष्ट्रिय कानुनको मुख्य सिद्धान्तलाई मात्र उल्लंघन गर्दैन, यसले युद्धकालदेखि जरा गाडेर बसेको हिंसाको संस्कृति रेसिडुअल भायोलेन्स लाई बढावा दिने र अन्ततोगत्वा नेपालको दीर्घकालीन शान्तिलाई नै असर पुऱ्याउने पिल्लेको भनाइ छ ।

शान्ति र मेलमिलापबारे अहिले नेपालको राजनीतिक वृत्त, नागरिक समाज र आमनागरिक तीन भागमा बाडिएका देखिन्छन् । एमाओवादीको नेतृत्व, उनका कार्यकर्ता र तिनका एजेन्डामा सहमति जनाउनेहरूले युद्धकालीन घटनाको छनबिनलाई विदेशी शक्तिको पैसादानको आडमा संविधानसभाको चुनावपछि तेस्रो शक्तिमा खुम्चिएको एमाओवादीलाई अझै कमजोर बनाउने षडयन्त्र ठान्छन् । एमाओवादी नेतृत्वले बाहिरबाट शान्ति प्रक्रियाको कवज लगाएर सत्य र मेलमिलापलाई विश्लेषण गर्न खोजे पनि भित्र-भित्र युद्धकालीन जघन्य अपराधको अनुसन्धान हुादा मानवता विरोधी मुद्दामा अन्ततोगत्वा आफूसमेत तानिन सक्ने भय लिए जस्तो देखिन्छ । दाता राष्ट्रको पैसामा समस्या उक्साउन अगुवाइ गर्ने भनेर कनकमणि दीक्षतिलाई एमाओवादीले लगाएको आरोप यसैसाग सम्बन्धित छ, जसमा उनीहरूको व्यक्तिगत र राजनीतिक चिन्ता प्रस्ट झल्कन्छ ।

अर्कोतिर संविधान निर्माण, स्थानीय निर्वाचनजस्ता मुद्दाहरूलाई प्राथमिकता दिनुपर्छ भन्ने कांग्रेस र एमालेका धेरै नेताकार्यकर्ताहरू एउटा येनकेन लाज बचाउ तरिकाको सत्य र मेलमिलाप आयोग बनाएर माओवादीसँगको समस्या सल्टाए हुन्छ भन्ने मनस्थितिमा देखिन्छन् । नेपालको द्वन्द्वकालमा भएका ज्यादती र मानवता विरोधी गतिविधिहरूको निष्पक्ष छानबिन हुनुपर्छ, सत्यतथ्य बाहिर आउनुपर्छ, जघन्य अपराध गर्नेलाई कानुनको दायरामा ल्याउनुपर्छ र पीडितले उपयुक्त राहत पाउनुपर्छ भन्ने विशेष माग र चासो यात युद्धबाट पीडितहरूको छ या लोकतन्त्र र मानवअधिकार सम्बन्धी वकालत गर्ने अन्तराष्ट्रिय निकाय र संस्थाहरूको ।

विश्वका धेरै देशको अनुभव हेर्ने हो भने सत्यनिरुपण र मेलमिलापबारे तीनथरी धारणा देखिन्छ । पहिलो धारणा के भने शान्ति वा प्रजातन्त्रको स्थापनापछि विगतका घटनालाई कोटयाउनुहुन्न, किनभने यसले समाजमा अस्थिरता ल्याउन सक्छ र सहिष्णुता खलबल्याउन सक्छ । जस्तो कि सैनिक शासनबाट प्रजातन्त्रमा रूपान्तरित अर्जेन्टिना ९सन् १९८३० र चिली ९१९९०० मा पाटीभित्र सेनासाग नजिक भएकाहरूबाट सत्तापलट हुनसक्ने डरले त्यहाँका सत्यनिरुपण आयोगहरूले विगतका जघन्य अपराधलाई दण्डबाट छुटकारा दिएका देखिन्छन् ।

दोस्रो धारणा के भने दक्षिण अफ्रिका लगायतका देशहरूको अनुभव हेर्ने हो भने अपराधीलाई कारबाही गर्ने हेतुले भन्दा बढी निष्पक्ष र गहिरो अनुसन्धान गरी सत्य-तथ्य जनतासामु ल्याउने र पीडितलाई उचित राहत दिने प्रयोजनका लागि सत्य र मेलमिलाप आयोग बनाएको देखिन्छ । दक्षिण अफ्रिकाको आयोगले सातवटा पुस्तकमा सबै घटनाको विवरण तयार गरेको थियो भने राम्रो अनुसन्धान र खुला सुनवाइ गरेर सत्य-तथ्य बाहिर ल्याउनमा सफल भएका कारण अन्तराष्ट्रिय जगतले दक्षिण अफ्रिकाको सत्य र मेलमिलापलाई एउटा आदर्श नमुनाका रूपमा लिन्छ ।

तेस्रो धारणा के भने द्वन्द्वकालका जघन्य अपराधलाई कानुनको दायरामा नल्याउने हो भने प्रजातन्त्रको मुख्य आधार कानुनी राज्यको मर्ममा आघात पुऱ्याउछ । फिलिपिन्सका पूर्वराष्ट्रपति कोराजोन अकिनोकै शब्दमा, मेलमिलापलाई न्यायले साथ दिनुपर्छ, होइन भने मेलमिलाप टिकाउ हुँदैन । हामी सबै शान्तिको कामना गर्छौं, तर शान्ति-शान्तिकै नाम जप्दैमा प्राप्त हुँदैन । यसका लागि न्यायको प्रत्याभूति आवश्यक हुन्छ । रुवान्डाको सत्य र मेलमिलापको प्रक्रियालाई न्याय र मेलमिलापको प्रक्रिया भनेर लिने गरिन्छ, किनभने भविष्यमा रुवान्डामा घटेको नरसंहारकारी, अमानवीय र मानवता विरोधी घटनाहरू हुन नदिन द्वन्द्वकालका मुद्दाहरूलाई अन्तराष्ट्रिय अदालतको स्थापना र राष्ट्रिय तथा स्थानीय अदालतहरूको कानुनी प्रक्रियाद्वारा छिनोफानो गरिएको थियो । नेपालका बारेमा चर्चा गर्दा १० वर्षको द्वन्द्वमा १३ हजारभन्दा बढीले ज्यान गुमाएका छन् भने १ हजार ३ सयभन्दा बढी अझै बेपत्ता छन् । के साच्चै नेपालमा सत्य तथा मेलमिलाप आयोगले यी सबै घटनाहरूको निष्पक्ष छानबिन गर्ला ? हेर्न बाँकी छ । तर लोकतन्त्रको मुख्य मर्म भनेकै देशका जनतामा सत्य-तथ्य थाहा पाउने अधिकार रहन्छ र हाम्रो संविधानले सूचनाको पूर्ण अधिकार प्रत्याभूति गरेको छ ।

सत्यनिरुपण र मेलमिलाप आयोगको काम माओवादी खुला राजनीतिमा आएलगत्तै वा सेना समायोजन सँगसँगै गरिनुपर्थ्यो र यसले नेपालको शान्ति प्रक्रियालाई धेरै नै टेवा पुऱ्याउथ्यो । अझै पनि ढिलो भएको छैन । तर धेरैको शंका के भने सत्य र मेलमिलाप केवल नाममात्रमा सीमित रहन सक्छ । समाजलाई भोलिको जघन्य अपराध र हिंसाबाट दुरुत्साहित गर्न हिजोको अपराध र हिंसालाई कानुनको दायरामा ल्याउन जरुरी हुन्छ । यसका लागि राजनीतिक सौदाबाजीमा वा अरु कुनै बहानामा चलिरहेको कानुनी प्रक्रियामा कसैले बाधा हाल्नु हुँदैन भने संविधानसभामा छलफलमा लगिएको सत्य तथा मेलमिलाप आयोगको विधेयकमा सबै घटनाको गहिरो अनुसन्धान, खुला सुनवाईको प्रक्रिया र जघन्य अपराधीलाई सजाय दिने सम्बन्धी धारा र उपधाराहरूलाई बलियो बनाउन जरुरी छ । त्यसरी नै कानुन बनेपछि गठन हुने आयोगमा अनुभवी, निष्पक्ष र समाजमा प्रतिष्ठित व्यक्तिहरूलाई नियुक्त गर्न जरुरी छ । यो आयोगमा फेरि राजनीतिक हिसाबले भागबन्डा हुने खतरा देखिन्छ, जसले गर्दा आयोग नाममात्रको बन्न सक्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा के भने दक्षिण अफ्रिकामा झैं आयोगले आफ्नो कारबाही खुला सुनवाइद्वारा गर्नुपर्छ, ताकि पीडित र आरोपित दुबैले आफ्नो कुरा सबैका सामु राख्ने मौका पाउन् । अमेरिकी सर्वोच्च न्यायालयका पूर्वन्यायाधीश लुइस ब्रान्डिसले, सूर्यको उज्यालोले धेरै हानिकारक किटाणु मारेर रोग निवारण गर्छ भने बिजुलीको उज्यालो सबैभन्दा प्रभावकारी पहरेदार वा पुलिस हो भनेझैं आयोगको पारदर्शिताले सत्य-तथ्य बाहिर ल्याउन ठूलो भूमिका खेल्ने र उसको गठनको औचित्य धेरै हदसम्म पुरा गर्ने देखिन्छ ।

इकान्तिपुर डटकमबाट

पाठकलाई पत्र

आदरणीय पाठक मित्रहरु, पाल्पा समाचारपत्र साप्ताहिकले यहाँहरुकै सुझाव, सल्लाह र प्रतिक्रिया बमोजिम आफ्ना अंकहरूलाई निरन्तरता दिँदै आएको छ । साहित्य र सृजना सहितको सम्मुनत समाज निर्माणका लागि हामी दृण छौं । हाम्रा पाठक मित्रहरूको सुझाव सल्लाह र प्रतिक्रियालाई नै आत्मसात हामीले निरन्तर रूपमा यहाँहरूकै सुझाव सल्लाह बमोजिम पत्रिकालाई परिमार्जन समेत गर्दै आएका छौं । हामीले पाल्पा समाचारपत्र साप्ताहिकलाई स्थानीय समुदायको जीवनस्तर र प्रगतिसित जोडेर हेर्न चाहन्छौं । हामी तपाईको खुशीमा पनि दुःखमा पनि सँगै हुन चाहन्छौं । यसका लागि हामीलाई तपाईहरूको उचित सल्लाह सहितको साथ चाहिन्छ । त्यस्तै यहाँहरुसँग विभिन्न साहित्यिक लेख रचना, गीत, गजल, कविता तथा अन्य विभिन्न यात्रा संस्मरणहरू समेत हाम्रो ठेगानामा यहाँको पूरा परिचय सहित एक प्रति फोटो समेत समावेश गरि हाम्रो ठेगानामा पत्राचार गरि पठाइदिनुहुन अनुरोध गर्दछौं । यहाँले प्रेषित गर्नुभएका पत्रहरूलाई हामीले पत्रिकामा निरन्तर समावेश गर्दै लैजाने छौं । पत्राचारको लागि तलको ठेगाना प्रयोग गर्नुहुन अनुरोध छ ।

पाल्पा समाचारपत्र साप्ताहिक
मखनटोल, तानसेन पाल्पा

तरकारी खेतीबाटै रुपान्तरित हुँदै पक्लुवावासी

सहरी गरिब तथा विपन्न बर्गलाई लक्षीत गरेर विगत २ बर्ष देखी आफ्नो कार्य गर्दे आएको लुमन्तिले पक्लुवाको ठाउलाई रुपान्तरण गरेको छ । लक्षीत बर्गको पहिचानकालागि उसले विभिन्न तानसेनका साझेदारी संघ संस्थासग सहकार्य गरि काम गरेको संयोजक भण्डारीले जानकारी दिए । हामीले घर मात्र पाएका छनौ घर त हाम्रो आधारभुत आबश्यकता हो लुमन्तिले दिएको विभिन्न तालिमका कारण हामी आफ्ना कुरा राख्न सक्ने भएका छौ ।

पाल्पा/एक बर्ष पहिला बत्ति मुनिको उज्योलो जस्तै भएर बस्न बाध्य भएका थियौ,हामीलाई केहि ज्ञान थिएन,मानिस भएपछि जस्तो पनि सहनु पर्दो रहेछ यो भनाइ हो तानसेन नगरपालिका–१४ पक्लुवाकी पुजा पृर्थीको हो ।

१० बर्ष सम्म नगरपालिकाको ग्रामिण भेगमा भाडामा बस्दै आए छोरा छोरी लिएर बजारमा बस्न आर्थिक समस्या भयो गाउमै भएपनि भाडा गरेर बसेको उनी बताउछिन् । १० बर्ष भाडामा बस्दाको पिडा उनले खुलेरै बताईन तर अहिले उनले आवास पाएकी छिन, आवास पाए पछिको खुसी उनले पोखिन् । पृर्थी जस्तै पक्लुवामा रहेका २५ घर परिवारले आवासको लागि सहयोग पाएपछि अहिले पक्लुवा कान्छि बजारको नाममा नामाकरण भएको छ ।

लालपाटी पौवा गुठीको नाममा रहेको उनीहरुको जग्गालाई कसैले पनि लगानी गरेको थिएन । लुमन्ति, तानसेन नगरपालिका र लक्ष्मी बैंकको सहकार्यमा स्थापना भएको लुमन्ति तानसेनले आवासको साथै विभिन्न सीप मुलक तथा आय आर्जनका कार्यक्रमका लागि सहयोग गरेपछि पक्लुवा कान्छि बजार भएको हो । अधिकांश कुमाल जातीको बस्ति रहेको उक्त ठाउमा गरिब तथा विपन्न परिवार छनौट गरि आवासको लागि सहयोग गरिएको तानसेन नगरपालिकाका कार्यकारी अधिकृत तथा परियोजना ब्यवस्थापन समितिका अध्यक्ष निरन भट्टराईले बताए ।

उनले भने घर नभएकाले सुरक्षित घर निर्माण गरेका छन् साथै आय आर्जनका विभिन्न तालिम मार्फत उनीहरुको आर्थिक विकास गर्ने कार्य गरेको बताए । लुमन्ति तानसेनका संयोजक शंकर भण्डारीले २५ घरकालागि एक घर एक कागती अभियान तथा मौसमी तथा बैमौसमी तरकारी खेती तालिम सञ्चालन गरेको बताए ।

क्षमता तथा नेतृत्व विकासको कार्यक्रमबाट उनीहरु अहिले सहजै आफ्नो कुरा राख्न सक्ने भएका छन् भण्डारीले भने उनीहरुको आर्थिक विकासकालागि तरकारीका विभिन्न विउ विजन वितरण तथा उत्पादन गर्ने तरिकाका बारेमा जानकारी गराएको उनले बताए ।

सहरी गरिब तथा विपन्न बर्गलाई लक्षीत गरेर विगत २ बर्ष देखी आफ्नो कार्य गर्दे आएको लुमन्तिले पक्लुवाको ठाउलाई रुपान्तरण गरेको छ । लक्षीत बर्गको पहिचानकालागि उसले विभिन्न तानसेनका साझेदारी संघ संस्थासग सहकार्य गरि काम गरेको संयोजक भण्डारी जानकारी दिए । हामीले घर मात्र पाएका छनौ घर त हाम्रो आधारभुत आबश्यकता हो लुमन्तिले दिएको विभिन्न तालिमका कारण हामी आफ्ना कुरा राख्न सक्ने भएका छौ । हामी गरिब परिवारको मानिस दैनिक ज्याला मजदुरी नगरे परिवार पाल्न सकिने थिएन तालिममा बस्ने फुर्सद नै नहुने ,अवसर पाए हामी पनि केहि गर्न सक्ने रहेछौ स्थानिय डिल्ली परियारले भने ।

लमन्तिले च्याउ खेती सम्बन्धि तालिम दिएपछि उनी अहिले ब्यासायीक च्याउ खेती तर्फ लागेका छन् । जग्गा कम भएका कारण मैले तरकारी खेती गर्न तालिम लिएपनि सकिन अब मेरै बारीमा च्याउ उत्पादन गरेर परिवार पाल्न सक्ने भएको छु बुढा बुढि लाई यहि नै काम पुग्छ अरुकोमा मजदुरी गर्न जानु पर्दैन हामी सबै यस्तै विभिन्न आयआर्जनका कार्यमा लागेका छौ हाम्रो गाउँ अहिले कान्छि बजार भएको छ उनले भने ।

पक्लुवाका २५ गरिब तथा विपन्न परिवार लुमन्तिको विभिन्न कार्यक्रमबाट आय आर्जनका क्षेत्रमा लागेको पक्लुवा आवास ब्यवस्थापन समितिका अध्यक्ष भिम बहादुर कुमालले बताए । उनले भने मैले पनि बेमौससमी तरकारी उत्पादनको तालिम लिएर तरकारी खेती गरिरहेको छु । ५ बर्ष विदेशमा विताए सिप र अवसर पाए आफ्नै ठाउमा सुन फलाउन सकिने उनको भनाई छ । यसरी २५ घर विभिन्न आय मुलक कार्यमा लागेपछि साच्चिकै पक्लुवा फेरिएर कान्छि बजार भएको छ । गरिब तथा विपिन्न परिवार बसोबास गर्ने उक्त स्थानमा गरिबको आर्थिक तथा सामाजिक रुपान्तरण भएको परियोजना ब्यवस्थापन समितिका अध्यक्ष भट्टराईले जानकारी दिए ।

नगरोन्मुख रामपुर सम्भावना र चुनौती

लेख

✍ छवि खनाल

त्यसै गरी शिक्षाका क्षेत्रमा विगत समयमा संधै जिल्ला सदरमुकाम धाउनुपर्नै हैरानीलाई अवका दिनमा भने हलुका हुने भएको छ । माथि उल्लेखित गाविसहरु भित्र स्नातकोत्तर तहसम्ममा १ क्याम्पस, उच्च मावि तहसम्ममा ९ बटा मावि तहमा ११ निमावि तहसम्ममा ७,र प्रावितहमा ३० गरी जम्मा ५७ बटा शैक्षिाक संस्थाहरु रहेका छन् । त्यसैगरी सिटिइभिटीको एक सानो तहमा तालिम दिने इन्ष्टिच्यूट सञ्चालनमा छ भने अवका दिनमा एक ठूलो तालिम केन्द्र प्राविधिक शिक्षाालय बन्नका लागि करिब २ सय रोपनी जग्गा लिने तयारीमा छ । स्वास्थ्य तर्फ पनि एक अस्पताल, एक आर्युबेदिक औषधालय र निजी स्तर मा पनि एक अस्पताल रहेको छ । पर्यटकीय रुपमा पनि कालीगण्डकी नदी संसारकै केन्द्र मानिएको र शालिग्रांमको नदी पनि भनिने भएकोले धार्मिक रुपमा अतिनै प्रख्यात छ र यसका वारिपारी ज्यादै महत्व बोकेको तीर्थस्थलहरु रहेका छन् । सीताकुण्ड, रामघाट, केलादीघाट, परेवाघाट, खरियाघाट, रामकुवा, राम मन्दिर, सीताको गोड्धुवा खोला, लगायतका धेरैं स्थानहरु रहेका छन् । यिनका वरपर शिवालयहरु, देवदेवीका मठमन्दिरहरु र विभिन्न ऐतिहासिक तथा पुरातात्वि महत्वका धरोहर पाटीपौवाहरु छन् ।

पालपा जिल्लाको सदरमुकाम तानसेनदेखि झण्डै ७५ किमी पूर्वमा रहेको क्षेत्र नं. १ व्यापारिक केन्द्र अथवा तानसेन पछिको पहिलो ठूलो बस्ती रामपुर अवका दिनमा नगरपालिका हुने तयारीमा रहेको छ । यदि यो रामपुर क्षेत्र नगरपालिका बनेको खण्डमा तानसेन भन्दा ठूलो र जनसंख्याले पनि अग्रस्थान लिने छ । गांडाकोट दर्छा रामपुर खालीवन र गेफा गरी ५ गाविसमा महिलाको जनसंख्या १९ हजार ५ सय ५८ छ भने पुरुषको संख्या १५ हजार ४ सय ३८ गरी जम्मा ३५ हजार ३ सय ९६ रहेको छ । पुरुषभन्दा महिलाको संख्या ४ हजार ५ सय २० बडी रहेको यो संभावित गाविसमा ८ हजार १ सय ३२ घरधुरी रहेको छ । दिनानुदिन बसाई सर्नेको संख्या पनि त्यत्तिकै रहेको छ । यहाँको जग्गाको विक्री अवस्था राजधानी काठमाण्डौ र पोखरा भन्दा कम रहेको छैन र प्रति आना झण्डै ३० लाखसम्ममा बिक्री चलेको अवस्था छ ।

कृषिको मुख्य आधारशीला मानिएको यो नगरउन्मुख क्षेत्र २०५१ मा तत्कालीन सरकारले नगर विकास परिषद् घोषण गरेको थियो । झण्डे २५ किमी लामो नेपालकै नमूना पहाडी इलाकामा पर्ने यो रामपुर फाँट पश्चिमाञ्चलको पोखरा पछिको पहिलो ठूलो फाँट हो । यो फाँटको चौडाई ५ किमी छ भने लम्वाई १५ किमी रहेको छ । समुन्द्रीक सतहदेखि ४ सय फिटको उचाईमा रहेको छ । बिना बााध (ड्याम नभएको) चट्टानमा सुरुङ बनाई गराइएको यो नहरले दर्छा र रामपुर गाविसका झण्डै ८ सय हेक्टर जमिनमा सिंचाई गराईरहेको छ ।

त्यसै गरी शिक्षाका क्षेत्रमा विगत समयमा संधै जिल्ला सदरमुकाम धाउनुपर्नै हैरानीलाई अवका दिनमा भने हलुका हुने भएको छ । माथि उल्लेखित गाविसहरु भित्र स्नातकोत्तर तहसम्ममा १ क्याम्पस, उच्च मावि तहसम्ममा ९ बटा मावि तहमा ११ निमावि तहसम्ममा ७,र प्रावितहमा ३० गरी जम्मा ५७ बटा शैक्षिाक संस्थाहरु रहेका छन् । त्यसैगरी सिटिइभिटीको एक सानो तहमा तालिम दिने इन्ष्टिच्यूट सञ्चालनमा छ भने अवका दिनमा एक ठूलो तालिम केन्द्र प्राविधिक शिक्षाालय बन्नका लागि करिब २ सय रोपनी जग्गा लिने तयारीमा छ । स्वास्थ्य तर्फ पनि एक अस्पताल, एक आर्युबेदिक औषधालय र निजी स्तरमा पनि एक अस्पताल रहेको छ । पर्यटकीय रुपमा पनि कालीगण्डकी नदी संसारकै केन्द्र मानिएको र शालिग्रांमको नदी पनि भनिने भएकोले धार्मिक रुपमा अतिनै प्रख्यात छ र यसका वारिपारी ज्यादै महत्व बोकेको तीर्थस्थलहरु रहेका छन् । सीताकुण्ड, रामघाट, केलादीघाट, परेवाघाट, खरियाघाट, रामकुवा, राम मन्दिर, सीताको गोड्धुवा खोला, लगायतका धेरैं स्थानहरु रहेका छन् । यिनका वरपर शिवालयहरु, देवदेवीका मठमन्दिरहरु र विभिन्न ऐतिहासिक तथा पुरातात्वि महत्वका धराहर पाटीपौवाहरु छन् । विभिन्न ठाउँहरुबाट हिमश्रृंखलाहरुको अवलोकन गर्न सकिन्छ । त्यस्तै कालीगण्डकीको उत्तरतर्फ स्याङ.जा, तनहुँका विभिन्न स्थानहरुको अवलोकन गर्न सजिलै सकिन्छ । तिनीहरुका चापाकोट, रत्नपुर साँखर र गडी जस्ता फाँटहरुले रामपुर फाँटलाई अत्यान्तै रमणिय र मनमोहक बनाइदिएका छन् । त्यसकारण पनि यिनीहरुको सम्बन्ध अत्यन्तै गडिलो छ ।

यातायातको दृष्टिकोणमा यो स्थान व्यापारको कारण मुख्य केन्द्र भएकाले पनि यहाँ सामान ओसारपसार गर्नका लागि मुख्यतः भैरहवा, बुटवल, पोखरा, नारायणगढ लगायतका विभिन्न बजारहरुबाट गाडीहरु आवतजावत गर्ने गर्दछन. । रामपुरलाई जोड्ने नाकाहरुमा अवका दिनमा केलादीघाट, परेवाघाट, निर्दीमघाट, खोरियाघाट हुँगीघाटमा पक्की पुलहरु बन्दै गरेका छन् । ती पुलहरुले सिधै स्याङगजा र तनहुँलाई जोड्दछन् भने अर्को तर्फ पीपलडाँडा राम्दी हुँदै रामपुरबाट गैडाकोट जोड्ने बाटो, परासीको अरुणखोला देखि मित्याल गल्धा बेलाडाँडा रामपुर जोड.ने बाटो, परासीकै दलदले हुँदै डेढगाउँ डमरा रामपुर जोड्ने बाटो र हाला बुटवल पाल्पा हुँदै आरेभञ्ज्याड. हुमिन ताहुँ रामपुरको बाटो चलिरहेको छ । त्यसका अतिरिक्त कालीगण्डकी करिडोर अन्तरगत रामपुर देखि डेढगाउँ तनहुँको गडौली जगौली पुट्टार, अत्रौली गडी स्याङजाको साखर, रत्नपुर र चापाकोटलाई केन्द्रविन्दु पारेर हाल कालीगण्डकी रीङरोड बनाउने योजना अनुरुप अहिले तनहुँ र स्याङजाको सीमाना अन्तरगत पर्ने मैदी खोलाबाट गडी बैडी तर्फ हुँदै १० मिटर चौडा फराकिलो बाटो अत्रौली पुर्‍याइएको छ । २०६८ सालमा तत्कालीन सरकारले रामपुर क्षेत्रलाई सेवा केन्द्र दिने निर्णय गरे पनि आवामी आव २०७० कादिनदेखि एकीकृत ईलाका केन्द्र गराउने अवस्था रहेको छ भने त्यस बाहेक यहा साना सरकारी कार्यालयहरु र वित्तिय संस्थाहरु तर्फ राष्ट्रिय बाणिज्य बैक, कृषि विकास बैक र अन्य निजी स्तरका झण्डै डेडदर्जन साना ठूला वित्तिय कार्यालयहरुले पाल्पा, स्याङजा, तनहुँ र नवलपरासीका गाविसहरुका जनताहरुलाई सेवा प्रदान गरिरहेका छन् ।

यहाँ नेपाल सरकार र एडीबीको संयुक्त लगानी करिब २५ करोडमा साना शहरी खानेपानी तथा सरसफाई आयोजना सम्पन्न हुँदैछ र त्यस आयोजनाको सम्बन्धित निकायसंग सम्झौता गर्ने काम पनि भैसकेको छ । खेल मैदान, फोहर व्यवस्थापन बसपार्क स्वास्थ्य क्षेत्र र अन्य कार्यका लागि स्थान निर्धारण गर्ने काम भएका छन्, ।

नगरपालिकाका लागि आवाश क्षेत्रको किटान र व्यवस्थापन, मुख्य बजारको कालोपत्रे गर्ने गराउने कार्य पनि सूरु हुन लागिरहेको छ । ढलको निकासको व्यवस्थापन खानेपानीको लाइनिड. गरेपछि गर्ने र ल्याण्लाइन टेलिफोन जडान गने कार्य पनि सकिएको छ । प्रस्तावित नगरपालिकाका लागि योजना तर्जुमा गर्ने काम तथा गाँडाकोट गाविसलाई ३ वटा वडा, दर्छालाई ३ वडा, रामपुरलाई ४ वडा, खालिवनलाई ३ वडा र गेझालाई २ वडामा विभाजन गरी १५ वडा बनाउने काम नगरपालिका स्तर तथा सीमा निर्धारण समितिको पहलमा सम्पन्न भैसकेको छ । साथै निर्धारण समितिका संयोजक, सदस्य सचिव, नापी विभागका उप महानिर्देशक, लगायतका व्यक्तित्वहरुद्वारा यस स्थानको अनुगमन तथा सम्बन्धित जनसमुदायहरुसंग राय सल्लाह र परामर्श लिने काम पनि सम्पन्न भैसकेको छ । त्यस समितिले भोलिका दिनमा नगरपालिका हुँदा अन्य नगर वा महानगरपालिकाले जस्तो समस्या भोग्न नपरोस् भन्ने उद्देश्यले पहिलेनै समस्याको पहिचान गर्नपनै जानकारी गराइएको थियो ।

रामपुरलाई नगरपालिका बनाउने कुरामा जिल्लाभित्रका कतिपय राजनीतिक दलहरु भरसक रामपुरलाई जिल्लामुखी बनाउन सके आफ्नो स्वार्थ पूरा गर्न सकिन्छ कि भन्ने दाउमा लागेका छन् । भने कहिल्यै पनि सदरमुकाम भन्दा बाहिर नगरपालिका नबनोस् भन्ने मनसा य बोकेका दलका नेता र पत्रकारहरु छन् जसले सधै जिल्लाका केही हुने खानेको नुनको सोझो गरेका छन् । तर पनि रामपुरलाई नगरपालिका बनाउनका लागि केन्द्रदेखि स्थानीय तहसम्मका बिभिन्न दल नागरिक समाज पत्रकार र सामाजिक सेवामा लागेको व्यक्तित्वहरु लगिपरेका छन् । यहाँको सम्पूर्ण कार्य अनुसार यो वैशाख महिनाको अत्यमा नगरपालिका स्तर निर्धारण समितिले नेपाल सरकारलाई आफ्नो अन्तिम प्रंतिवेदन बुझाउदै छ । लाग्छ भोलिका दिनमा यहाँका श्रोत साधन र आवश्यक पर्नै भौतिक पूर्वाधारले पाल्पाको रामपुरलाई तानसेन पछिको दोश्रो नगरपालिका हुनेमा यहाँका जनताहरु ढुक्क रहेका छन् ।

संविधान निर्माणसँगै स्थानीय निर्वाचन

संक्रमणकालीन राजनीतिक परिदृश्यबाट मुलुक ओझेल पर्न अझै केही समय लाग्छ। त्यो समय भनेको दलहरूले प्रतिबद्धता व्यक्त गरेको समय र संविधानसभाले नयाँ संविधान जारी गर्ने कार्यतालिका अनुसारको आगामी माघ महिनासम्मको हो। त्यहाँसम्म पुग्दै गर्दा मुलुकले संक्रमणकालीन अवस्थाका केही चुनौती पार गर्दै जानुपर्ने प्रायः निश्चित छ तर ती सम्भावित चुनौती विगतका जस्ता कठिन भने छैनन्। हालको संक्रमणकालीन अवस्था संविधान जारी नहुँदासम्म रहने हो। त्यसपछि मुलुक पूर्ण शान्ति प्रक्रियासँगै आर्थकि तथा सामाजिक विकासमा अघि बढ्ने छ। त्यतिबेलासम्म मुलुकले स्थानीय निकायहरूको निर्वाचन समेत गराउन सके, राष्ट्रले विकाससँगसँगै सुशासनमा छिटो गति लिनसक्ने हुादा अब दलहरू त्यतातिर लम्किनु जरुरी छ। त्यस अनुरूपको कार्यदिशा बनाई अघि बढ्न अब किञ्चित ढिलाई गरिनु हुन्न।

दलहरूले संविधानसभा चुनावमा जाादा आ-आफ्ना पार्टी घोषणापत्रमा एक वर्षभित्र संविधान जारी गर्ने र छ महिनामा स्थानीय चुनाव सम्पन्न गर्ने प्रतिबद्धता जनाएकै छ्। घोषणापत्रमा स्थानीय निकायको चुनावलाई गौण बनाई केही दलहरूले संविधान जारी गर्ने कुरालाई प्राथमितामा राखे तापनि संविधान जारी गर्नु अघि नै ती निकायहरूको चुनाव हुनुपर्छ भन्नेमा स्पष्ट मत राख्न सकेनन्। यस मतमा नेकपा एमाओवादी लगायतका केही दल रहे तर नेपाली कांग्रेस र नेकपा एमाले लगायतका दलहरूले संविधानसँगसँगै स्थानीय निकायको निर्वाचन गर्ने र त्यो सम्भव भएसम्म संविधान जारी गर्नु अगाडि नै गर्ने प्रतिबद्धता जनाएकाले जनताले यी दुई दललाई धेरै मत दिएको स्पष्ट छ। तसर्थ त्यो मतलाई अनदेखा गर्न मिल्दैन। यति हुदाहुदै पनि जानी नजानी दलहरूले स्थानीय निकायको निर्वाचनको खाका कोरेर कार्यान्वयनमा जान ढिलाई गरिरहेको छनक मिल्दैछ। यो भनेको बहुसंख्यक अभिमतलेचुनाव गराइहालु भन्ने जुन सन्देशु चुनाव मार्फत दिएको थियो, त्यसको अर्थ नबुझ्नु जस्तै हो। स्थानीय निकायहरूको चुनाव गराउन नसक्दाको परिणति सुशासन हराएको, भ्रष्टाचार बढेको तथा विगतका अप्ठ्यारा संक्रमणकालीन अवयवहरूलाई जीवितै राखिएको अवस्था हो। त्यसैले मुलुकवासी त्यो चुनावु चाँडै होस् भन्ने चाहन्थे। अनि नेपाली कांग्रेसलगायतले संविधान एक वर्षभित्रै दिने र त्यस अगावै स्थानीय निर्वाचन गराउने नारा बोकेकाले जनताले बहुमत दिएका हुन्। अहिले प्राथमिक दृष्टिले मुलुकमा संक्रमणकाल रहे तापनि विगतका जस्ता कठिन परिस्थितिको संक्रमणकाल छैन। विस्तारै ओझेल पर्दैछ र त्यसको अन्त्य त संविधान जारी भएपछि मात्र हुन्छ। यो कुरालाई दलका नेताहरूले बुझ्नु आवश्यक छ। दलहरूले छ महिनाभित्र स्थानीय निकायको चुनाव गराउने भन्नु चानचुने कुरा होइन। अलि हतारमा गरेको प्रतिबद्धता हो त्यो। किनभने चुनाव गराउने कुरा अत्यावश्यक भए तापनि परिस्थिति त्यो अनुकूल थिएन, छैन। कम्तिमा काम गर्न भ्याउने समयको आाकलन गरेर मात्र त्यस अनुरूपको समय तोकिनु पर्थ्यो। हतारको निर्णय र प्रतिबद्धताको विषय परिणाममुखी हुँदैन भन्ने यसै कारण हो। त्यसैले कार्यविधि पूरा गर्नुपर्ने समयावधि र परिस्थितिगत कुरालाई समयमै आाकलन गर्न सक्नुपर्छ, जान्नुपर्छ। यदि त्यो अनुरूपको बोलाई भएको भए यस विषयमा नाक डिच्च एमाओवादी लगायतले त्यो धारणा बनाउनुका पछाडि अरू पनि कारण हुनसक्छन्। संविधानसभातिर फर्कनि हो भने एमाओवादी, मधेशवादी दललगायतको उपस्थिति त्यहाँ कमजोर रह्यो। अर्थात् नयाँ जनादेशअनुसार गर्ने ठाउ छैन। किनकि त्यस अनुरूपको आधारशीला एवं वातावरण बन्न लागेकोले त्यो आशा गर्न सकिन्छ। समय पनि संविधानकै लागि भनेर धेरै व्यर्थ भइसकेको अवस्था छ। आजसम्म आइपुग्दा यसकै लागि

लेख

✍ हरि प्रसाद भट्टराई

दलहरूले संविधानसभा चुनावमा जाादा आ-आफ्ना पार्टी घोषणापत्रमा एक वर्षभित्र संविधान जारी गर्ने र छ महिनामा स्थानीय चुनाव सम्पन्न गर्ने प्रतिबद्धता जनाएकै छ्। घोषणापत्रमा स्थानीय निकायको चुनावलाई गौण बनाई केही दलहरूले संविधान जारी गर्ने कुरालाई प्राथमितामा राखे तापनि संविधान जारी गर्नु अघि नै ती निकायहरूको चुनाव हुनुपर्छ भन्नेमा स्पष्ट मत राख्न सकेनन्। यस मतमा नेकपा एमाओवादी लगायतका केही दल रहे तर नेपाली कांग्रेस र नेकपा एमाले लगायतका दलहरूले संविधानसँगसँगै स्थानीय निकायको निर्वाचन गर्ने र त्यो सम्भव भएसम्म संविधान जारी गर्नु अगाडि नै गर्ने प्रतिबद्धता जनाएकाले जनताले यी दुई दललाई धेरै मत दिएको स्पष्ट छ। तसर्थ त्यो मतलाई अनदेखा गर्न मिल्दैन। यति हुदाहुदै पनि जानी नजानी दलहरूले स्थानीय निकायको निर्वाचनको खाका कोरेर कार्यान्वयनमा जान ढिलाई गरिरहेको छनक मिल्दैछ। यो भनेको बहुसंख्यक अभिमतलेचुनाव गराइहालु भन्ने जुन सन्देशु चुनाव मार्फत दिएको थियो, त्यसको अर्थ नबुझ्नु जस्तै हो। स्थानीय निकायहरूको चुनाव गराउन नसक्दाको परिणति सुशासन हराएको, भ्रष्टाचार बढेको तथा विगतका अप्ठ्यारा संक्रमणकालीन अवयवहरूलाई जीवितै राखिएको अवस्था हो। त्यसैले मुलुकवासी त्यो चुनावु चाँडै होस् भन्ने चाहन्थे।

पार्नुपर्ने थिएन। चुनाव भएको अथवा संविधानसभा निर्वाचन ताका व्यक्त गरिएको छ महिनाको निर्वाचनको वाचा घर्किसक्यो। पाास महिना नै बितिसक्यो। यद्यपि शीघ्र त्यो निर्वाचनको खाचो नै छ।

यदि कांग्रेस, एमालेले जस्तै एमाओवादी लगायतका अन्य दलहरूले समेत स्थानीय निर्वाचन संविधान जारी गर्नु अगावै छ महिनाभित्रै गर्ने आत्मैदेखि प्रयत्न र सहमति गरेको भए त्यो सम्भव हुने थियो तर यहाा मत नै फरक छ। एमाओवादी लगायतले संविधान जारी गरेपछि मात्र स्थानीय निकायको निर्वाचन गराउने मत राख्दै आएका छन्। एक किसिमले हेर्दा त्यो ठीकै कुरा पनि हो। किनकि संविधान अघि चुनावी प्रक्रियामा अलमिलिदा संविधान निर्माणका कार्य ओझेलमा पर्न सक्छन्। संविधान निर्माणको समय पछाडि धकिलिनसक्छ। मुलुकको लागि संविधान निर्माण प्राथमिक विषय भएकाले पहिले संविधान अनि स्थानीय निर्वाचन भन्ने कुरा सामान्यरूपले विचरण गर्दा ठीक कुरा पनि हो। यसै कारण पनि कांग्रेस र एमालेले व्यक्त गरेको समय सीमाभित्र स्थानीय निर्वाचन गराउन नसकिएको हुनसक्छ।

संविधान जारी नगर्दासम्म बहुमतका आधारमा अघि बढ्नुभन्दा अरू दलहरूका कुरा पनि सुनी एकता र सहमतिका आधारमा अगाडि बढ्नुपर्ने परिस्थिति छ। बुद्धिमता पनि यही हो। कथंकदाचित संविधान निर्माणका विषय एवं विवादित विषयहरू सल्टाउन एकता सम्भव नभए विगतमा जस्तो समयको पावन्दीलाई बुझी प्रक्रियागत ढंगले छिनोफानो गर्नु भने जरुरी छ। शायद दलहरूले यतिबेलासम आइपुग्दा विगतको पाठबाट त्यो कुरा सिकिसकेका छन्। त्यसैले सकभर स्थानीय निर्वाचनका सम्बन्धमा सबै दलहरूको सहमति जुटाउन खोज्दा निर्वाचनमा ढिलाई भएको वा छ महिनाभित्र चुनाव गराउन नसकिने अवस्था आइपरेको हो। यदि त्यसो हो भने यो कुरा सरकारले जनतालाई बेलैमा बुझाउन सक्नुपर्छ।

कुरा यति मात्र होइन। संविधानसभामा यी दलहरूको उपस्थिति कम रहेकोले स्थानीय निर्वाचनमा पनि त्यसको प्रभाव पर्ने त होइन ? भन्ने डर यिनीहरूमा छ। यतिबेला स्थानीय निर्वाचनमा गएर त्यो जोखिम मोल्नुभन्दा संविधान पहिले जारी गर्ने अनि निर्वाचनमा जानेभन्दा सामान्य हिसाबले कुरा पाच्य जस्तो पनि हुने र जोखिम सम्भावित पनि मोल्नु नपर्ने हुनाले पनि उनीहरूले त्यो रणनीति अख्तियार गरेका हुन्, जुन कुरा बुझ्न जो कोहीलाई कठिन छैन। त्यसैले एमाओवादी लगायतले त्यो झिनो जोखिमलाई थाती राखेरै भए पनि मुलुकको संक्रमणकालीन परिस्थिति न्यून गर्न र संविधानसागसागै सुशासन र विकास निर्माणलाई ध्यानमा राखेर यथाशीघ्र स्थानीय निकायको निर्वाचन गराउने सहमतिमा जुट्नु बुद्धिमता ठहर्छ। यो कार्यदिशामा नचुक्नु एउटा राम्रो उपाय हो।

संविधानसभाले तय गरेको कार्यतालिका अनुसार अब संविधान निर्माणको कार्य सुचारू हुनेमा शंका मुलुकले धेरै हन्डर मात्र खानु परेको छैन। धेरै आर्थकि व्यय गर्नुपरेको अवस्थासमेत छ। दलहरू तथा नेताहरूले धेरै पाठ सिकिसकेको अवस्थासमेत छ। त्यसमाथि नेपाली कांग्रेसको नेतृत्वमा बनेको सरकार छ। जो, हिजोको दिनमा पहिलो संविधानसभा रहेसम्मको कार्यकालमा दोस्रो ठूलो दल बनेर पनि तेस्रो दलले दुई-दुई पटक सरकारको नेतृत्व पाउादा समेत कांग्रेसले पाउन सकेन। त्यसैले दोस्रो संविधानसभामा कांग्रेसलाई ठूलो दलको रूपमा जनताले स्थापित गरेको कुरा स्पष्ट छ। अतः यो जन अभिमत एवं म्याण्डेटलाई ख्याल गरेर पनि कांग्रेस अगाडि बढ्दै जानु आवश्यक छ। संविधान निर्माणका काम गर्दै माघमा जारी गर्ने र यस बीचमा स्थानीय निर्वाचनका काम कारवाही अगाडि बढाई आगामी कात्तिक महिनाभित्रै चुनाव सम्पन्न गर्न गराउनेतिर कांग्रेसले रणनीति बनाउनु बुद्धिमता छ। यसमा सबै दलको सहमति रहनु पनि त्यत्तिकै जरुरी छ।गोरखापत्र अनलाइनबाट

आर्यभञ्ज्याङ स्रोत केन्द्र पूर्ण साक्षर

शान्ति अधिकारी

पाल्पा/आर्यभञ्ज्याङ स्रोत केन्द्रलाई पाल्पा पूर्ण साक्षर स्रोत केन्द्र घोषणा गरिएको छ। पूर्ण साक्षरता घोषणा लेखिएको ताम्रपत्र अनावरण गर्दै कार्यक्रमका प्रमुख अतिथि पाल्पा क्षेत्र नं. २ का सभाषद सोमप्रसाद पाण्डे र समानुपातिक सभाषद् तुलसा रानाले स्रोत केन्द्रले नै पूर्ण साक्षरता घोषणा गर्नु प्रशंसनीय रहेको बताए। कार्यक्रम अघि र्‍यालीले आर्यभञ्ज्याङ बजार परिक्रमा गरि सिद्धि उच्च माविमा आई सभामा परिणत भएको थियो। बिद्यालय निरीक्षण मणि खनालको स्वागत रहेको कार्यक्रममा जिल्ला शिक्षा कार्यालयका उपसचिव दीपेन्द्र ढकालले कार्यक्रमको बारेमा प्रकाश पार्दै पाल्पा पश्चिमाञ्चल क्षेत्रमा अगुवा रहेको बताए। कार्यक्रममा जिल्ला शिक्षा अधिकारी प्रेमनाथ पौडेल, एमाले पाल्पाका कार्यबाहक अध्यक्ष देवीप्रसाद बस्याल, नेपाली कांग्रेसका जिल्ला प्रतिनिधि पूर्ण प्रसाद श्रेष्ठ, एमाओवादी गाउँ इन्चार्ज केशव रायमाझी, नेपाल शिक्षक युनियन पाल्पाका अध्यक्ष लक्ष्मण बस्याल लगायतले आआफ्नो धारणा राखेका थिए। सिद्धि उच्च माविका प्रधानाध्यापक ध्रुव प्रसाद न्यौपानेको संचालन र टिकाराम श्रेष्ठको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

साहारा कला केन्द्र, छैठौ वर्ष प्रवेश

पाल्पा/साहारा कला केन्द्र तानसेन पाचौ वर्ष पूरा गरि छैठौ वर्षमा प्रवेश गरेको छ।

बार्षिकोत्सवको अवसरमा कला केन्द्रमा मंगलवार एक औपचारिक कार्यक्रमको आयोजना गरि शुभकामना आदानप्रदान तथा बिद्यार्थीहरुलाई पुरस्कार तथा प्रमाणपत्र बितरण गरिएको छ।

कला केन्द्रका प्रोप्राइटर सुमन थापाको अध्यक्षतामा संचालित कार्यक्रमका प्रमुख अतिथि पाल्पाका पुराना कलाकार ब्रम्हशेखर बज्राचार्यले साहारा कलाकेन्द्रले पाल्पाको संस्कृति संरक्षण र प्रवर्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए।

कार्यक्रममा एक वर्षको अवधिमा कलाकेन्द्र मार्फत अनुशासित र लगनशील भएर नृत्य सिप सिक्ने बिद्यार्थीहरुलाई पुरस्कृत समेत गरिएको थियो। कलाकेन्द्रका नृत्य प्रशिक्षक पुरन गाहाको स्वागत रहेको कार्यक्रमको संचालन ध्रुव तिमिल्सिनाले गरेका थिए।

दृष्टिबिहीनबारे लघु चलचित्र



पाल्पा/पाल्पाली दृष्टिबिहीन बिद्यार्थीहरुको वास्तविक जीवन कथामा आधारित लघु चलचित्र प्रयासको निर्माण कार्य सम्पन्न भएको छ।

दृष्टि गुम्दैमा सबै कुरा गुम्दैन र दृष्टिबिहीनले पनि दृष्टि भएकाहरुले जस्तै काम गर्न सक्छन् भन्ने सन्देश दिने गर उक्त लघुचलचित्र निर्माण गरिएको लेखक तथा निर्देशक बसन्त कुावरले जानकारी दिनुभयो। चलचित्रमा दमकडा उच्च मावि मदनपोखराको दृष्टिबिहीन शाखामा अध्ययनरत २० जना दृष्टिबिहीन बिद्यार्थी र दृष्टिबिहीन युवाहरुको अभिनय रहेको उहााले बताउनुभयो।

रानीमहल फिल्मस्को ब्यानरमा तयार गरिएको लघु चलचित्रमा दृष्टिबिहीन युवाहरु तोया बिक, गणेश बिक सहित अन्य बिद्यार्थीहरुले दृष्टिबिहीनहरुका समस्या चुनौती र अवसर सहित उनीहरुको प्रगतिको बिषयमा आधारित रही अभिनय गरेका छन्। चलचित्रमा दृष्टिबिहीनको दैनिकी र क्रियाकलापहरुलाई समेत जस्ताको तस्तै उतारिएको छ।

प्रयासको निर्माण कार्य तयारी भएको र यसको बिभिन्न स्थानहरुमा च्यारिटी शो गरि बचेको रकम दृष्टिबिहीन बिद्यार्थीहरुको शैक्षिक सामाजिक बिकासमा लगानी गरिने बताइएको छ।

युवा सचेतीकरण कार्यक्रम

पाल्पा/बन्दिपोखरा युवा तथा खेलकुद विकास समिती पाल्पाको आयोजनामा युवा सचेतिकरण सम्वन्धी दुइ दिने तालिम बन्दिपोखरा गाउँ विकास समिती पाल्पामा सकिएको छ ।

तालिममा युवाको वर्तमान अवस्था, युवाले समाजमा गर्नु पर्ने दायित्व, लागु पदार्थ दुर्व्यसनी र एचआइभी एड्स सम्वन्धीको वारेमा छलफल गरिएको थियो । तालिमको सहजीकरण पाल्पाका प्रहरी नायव उपरीक्षक शिव कुमार श्रेष्ठ, पत्रकार माधव अर्याल, इन्द्रेणी समाज केन्द्रका शम्शेर सारु र सुनिता भट्टराइले सहजिकरण गरेका थिए । समापन कार्यक्रममा बोल्दै सामुदायिक विकास कार्यक्रकमका अध्यक्ष अमर रानाले तालिममा सिकेको कुरा व्यवहारमा उतार्न आग्रह गरे । तालिम युवा तथा खेलकुद विकास समितिका अध्यक्ष शिव थापाको अध्यक्षतामा चलेको थियो ।

आँखा सल्यक्रिया कक्षको स्थापना

पाल्पा/पाल्पा लायन्स लाकौल आखाा अस्पताल तानसेन पाल्पामा आाखा शल्यक्रिया कक्षको शुरुवात गरिएको छ । शल्यक्रिया कक्षको उद्घाटन गर्दै नेपाल नेत्र ज्योती संघका केन्द्रिय अध्यक्ष प्रा.डा. तिर्थ प्रसाद मिश्रले सरकारले हात नहालेको क्षेत्रमा काम गरेको बताउँदै देशका ९० प्रतिशत जनतालाई नेत्र ज्योती संघले उपचार सेवा प्रदान गर्दै आएको बताए ।

कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी निरञ्जन ज्ञवालीले गरिव जनता लाई निशुल्क सेवा दिन आग्रह गरे । प्रेस युनियन पाल्पाका अध्यक्ष भरत शर्माले पाल्पा क्षेत्रमा अस्पतालको सेवा राम्रो भएको बताए । कार्यक्रममा अस्पतालका व्यबस्थापक हिरालाल धामीले गत बर्ष ३० हजार जनताले प्रत्यक्ष उपचार सेवा लिएको, ४४ वटा विधालयमा शिविर संचालन गरी ८ हजार विधार्थीले सेवा लिएको, गाउा गाउामा २० वटा शिविर संचालन गरेको, ८० प्रतिशत जनतालाई निशुल्क सेवा प्रदान गरेको , हाल अस्पतामा १७ वटा शैया संचालनमा रहेको जानकारी दिए । अस्पतालले गरिव, असाहय लाई निशुल्क उपचार सेवा प्रदान गर्दै आएको र जो कोही पनि रकम अभावको कारण उपचार बाट वञ्चित नहुन अनुरोध गरेको छ । संघका अध्यक्ष चकोरमान शाक्यको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष बुद्धि प्रसाद शर्माले स्वागत र सचिव नारायण प्रसाद शर्माको संचालन गरेका थिए ।

२५ बिद्यालयमा सामुदायिक बैठक

पाल्पा/रुम टु रिड नेपालको आर्थिक सहयोग तथा जिल्ला शिक्षा कार्यालय पाल्पाको समन्वयमा पछौटेपन उन्मुलन समाज बेस नेपाल मार्फत विद्यालयको प्राथमिक तहमा साक्षरता कार्यक्रम सञ्चालनको निम्ति २५ विद्यालयमा सामुदायिक बैठक सम्पन्न भएका छन् ।

विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाहरु विच साक्षरता कार्यक्रमको वारेमा जानकारी, उद्देश्य, प्रक्रिया तथा जिम्मेवारी बारे जानकारी गराइएको बेस नेपालका कार्यक्रम संयोजक टेक बहादुर ढेंगाले वताए ।

वालवालिकाहरुमा पढ्ने वानीको विकास गरी आजिवन स्वतन्त्र तथा आत्मनिर्भर पाठक बनाउने उद्देश्यका साथ पाल्पा जिल्लाका २५ सामुदायिक विद्यालयमा साक्षरता कार्यक्रम अर्न्तगत पठन सिप विकास कार्यक्रम, पुस्तकालय कार्यक्रम तथा विद्यालय भवन निर्माण कार्यक्रम गर्न लागिएको रुम टु रिड नेपालका फिल्ड प्रोग्राम म्यानेजर खड्ग बहादुर कुँवरले बताए । यस वर्ष पाल्पा जिल्लाका रामपुर, मित्याल, हागी, रिङ्नेरह, ताँहु, आर्यभाञ्ज्याङ् स्रोत केन्द्रहरुका २५ विद्यालयमा सञ्चालन गरिने समेत कुँवरले वताए । सामुदायिक बैठकको क्रममा श्री कमला निम्न माध्यमिक विद्यालय जल्पाका प्रधानाध्यापक मोहन बहादुर रखालले यस किसिमको कार्यक्रमबाट विद्यालयका वालवालिकाको साथै शिक्षक तथा अभिभावकहरु पनि लाभान्वीत हुने वताए ।

रिफ्लेक्टमा कुखुरापालन तालिम

पाल्पा/स्थानीय निकाय जनप्रतिनिधि विहिन भइरहेको समयमा सञ्चालित रिफ्लेक्ट कक्षाले ग्रामीण क्षेत्रमा प्रभाव पार्न थालेको छ । गाउँका समस्या र तिनका समाधानका उपायहरु खोज्न कक्षाका सहभागी तत्पर बनेका छन् ।

पूर्वी पाल्पाको हेक्लाङ गाविसमा सञ्चालित रिफ्लेक्ट कक्षामा स्थानिय जातको कुखुरा पालनसम्बन्धि तालिम लिएका छन् । तालिमको सहजीकरण गर्दै पशु सेवा कार्यालय ताहुाका प्रतिनिधि मिनबहादुर कार्कीले विद्युत समेत नपुगेको हेक्लाङ वडा नं. २ र ३ मा स्थानिय जातलाई खोर र दानापानी व्यवस्थापन गर्न सकेमा उचित लाभ हासिल हुने बताए । कार्यक्रममा सामाजिक परिचालिका नविना देवकोटाले रिफ्लेक्ट कक्षामा आधुनिक कृषि तथा पशु, स्वास्थ्य जस्ता विषयमा छलफल हुदै आएको बताइन् ।

तालिम पछि आयोजित कार्यक्रममा बोल्दै कक्षाका संयोजक सुरज खरुले गाउँमा हुने क्रियाकलापहरुमा महिला तथा अन्य युवाहरुको सक्रियता बढेको बताए । उनले भने–"हाम्रो गाउँ पनि व्यवसायिक बन्दै गइरहेको छ ।"

भलिवल प्रतियोगिता सम्पन्न

निर बहादुर सारु

पाल्पा/पूर्वी पाल्पाको जल्पा गाविस स्थित शम्भु उच्चमाविमा बृहत खुल्ला भलिवल प्रतियोगिता सम्पन्न भएको छ ।

जल्पा युवा तथा खेलकुद मंच जल्पा पाल्पाको आयोजनामा भएको कार्यक्रममा २० समुहको सहभागिता रहेको थियो । जसमा प्रथम वि वाईज हेक्लाङ, दोस्रो् फुरुङ्दी युवा कलब ताहु पाल्पा, तेस्रो जल्पा युवा तथा खेलकुद मंच जल्पा पाल्पा भएको थियो । विजयी समुहलाई प्रमुख अतिथी जल्पा गाविसका गाविस सचिव राम बहादुर मगराती ले प्रथम पुरस्कार नगद रु १५००० पन्ध्र हजार सहित जर्सी, दोस्रो रु दश हजार र तेस्रो रु ५ हजार पुरस्कार वितरण गरेका थिए ।

कार्यक्रममा जल्पा २ का निर्वतमान वडा अध्यक्ष निर बहादुर सारु, उमान बयाम्वु लगायतले वोलेका थिए । जल्पा युवा तथा खेलकुद मंच जल्पा पाल्पाका अध्यक्ष निर बहादुर सारुको अध्यक्षतामा चलेको कार्यक्रमको संचालन डोल बहादुर विकले गरेका थिए ।

हार्दिक श्रद्धाञ्जली

जन्मः २०१३/८/२८

मृत्युः२०७०/१२/२८

स्वः देवी प्रसाद भट्टराई

हाम्रा अनन्य मित्र तानसेन नगरपालिका ५ टक्सार निवासी नेकपा एमाले संगठित सदस्य एवम् भुपू नगर कमिटि सदस्य कमरेड **देवी प्रसाद भट्टराई**को करिव देढ वर्षदेखि भारतको नयाँ दिल्ली स्थित राजीव गान्धी क्यान्सर अस्पतालमा उपचार गराउने क्रममा यही २०७० चैत २८ गते निधन भएकोमा हामी निकै मर्माहत भएका छौं । १२ दिनको पुण्य तिथीको अवसरमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

आलोकराज शाक्य
अध्यक्ष नेकपा एमाले तानसेन ६
बसन्तपुर कमिटि परिवार

डा. पुरन बज्राचार्य
एमाले जिल्ला कमिटि सदस्य
एवम् वडा इन्चार्ज

जिल्ला बन कार्यालय पाल्पाको सूचना

गर्मीको समयमा मानिसको लापरवाही वा जानीजानीका कारण वनमा वर्षेनी डढेलो लागि वनस्पति र वन्यजन्तुको निवास भइरहन्छ । डढेलोले वन नजिकका बस्तीहरूमा समेत प्रभाव पार्न सक्छ । यसर्थ यसबारे आफू पनि सचेत बनौं र अरूलाई पनि सचेत गराऔं ।

अनरोधक
जिल्ला वन कार्यालय पाल्पा
फोन नं. ०७५-५२०००२

एक नजर यता पनि ल

हामीकहाँ महिला पुरुष तथा बालबच्चा एवम् उमेर अनुसार जुत्ता, चप्पलहरु तयार गरिन्का साथै खुद्रा तथा थोक बिक्री गरिन्छ । यहाँहरुको अर्डर अनुसार जुत्ता चप्पल समेत तयार गरिने भएकोले सम्पर्क राख्नुहोला ।

प्रो.
गोविन्द नेपाली

न्यू शुभकामना शु सेन्टर
असनटोल, तानसेन पाल्पा

तानसेन नगरपालिकाको अनुरोध

- नगर सफा राखौं, नगरवासीको सभ्यताको परिचय दिउँ ।
- तानसेन नगरलाई फुलैफूलको शहर र हरित शहर निर्माण गर्न सबै क्षेत्रबाट प्रयत्न गरौं ।
- वातावरण सुधार्न पहल गरौं, नगर क्षेत्र सफा राखी स्वच्छ राखी आनन्दमय वातावरण निर्माणमा लागि परौं ।

अनुरोधक
तानसेन नगरपालिकाको कार्यालय, तानसेन पाल्पा

स्थानीय शान्ति समितिको अनुरोध

द्वन्द्व पीडित परिवारसँग शिष्ट र सम्माति ब्यवहार गरौं ।

स्थानीय शान्ति समिति पाल्पा

डिभिजन सडक कार्यालयको अनुरोध

"सडक अतिक्रमण रोकौं, राष्ट्रको भौतिक पूर्वाधार बिकासमा सहयोग गरौं ।" राजमार्गमा घर टहरा बनाउँदा बाटोको सेन्टर प्वाइन्ट (केन्द्र रेखा) देखि करिव २५ मिटर र क्षेत्रीय सडक खण्डका १५ मिटर छोडेर मात्र बनाउनुहुन सर्वसाधारणहरुमा अनुरोध गर्दछौं ।

अनुरोधक
पश्चिमाञ्चल डिभिजन सडक
कार्यालय नं. ३, पाल्पा

इन्द्रेणी रेष्टुरेन्ट
अब,अझ नयाँ ढंगबाट

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित हुँदै आएको यस रेष्टुरेन्ट नयाँ ब्यवस्थापन र परिष्कृतपनका साथ स्तरीय नास्ता र खानाका लागि सेवामा हाजिर रहेको जानकारी गराउँदछौं ।
हामीकहाँ नेपाली, पाल्पाली, चाइनिज, इन्डियन खाना तथा नास्ता र तन्दुरी स्न्याक्स्, कन्टिनेन्टल उपलब्ध छ ।
सदैव हामीलाई सम्झनुहोस्, आफ्नै ठान्नुहोस् ।

साथैं बिबाह, पार्टी, ब्रतबन्ध र अन्य भोजभतेर गर्नुपरेमा यहाँ हलको समेत व्यवस्था छ ।

इन्द्रेणी रेष्टुरेन्ट
बज्र होटलको भुइंतला
आन्दोलन चोक, तानसेन पाल्पा
(बसपार्कबाट टुँडिखेल जाने बाटोमा बायांपट्टी)
प्रो. टोप बहादुर न्यौपाने र गोपीकृष्ण देवकोटा
फोन नं. ०७५-५२१०८४, ९८४७१७२२०५, ९८४७२२४७७९

जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको अनुरोध

कुष्ठरोग

- कुष्ठरोग आँखाले देख्न नसकिने सुक्ष्म किटाणुले लाग्ने एक प्रकारको कम सर्ने दीर्घ रोग हो । यसले खास गरेर मानिसको छाला र बाहिरी स्नायुहरुमा असर गर्दछ ।
-शरीरको कुनै पनि भागमा लाटो, फुस्रो वा रातो रङ्गको छुँदा थाहा नहुने दागहरु आउनु, हात खुट्टाका स्नायु मोटो हुनु, दुख्नु तथा हातगोडा झमझमाउनु आदि मुख्य लक्षणहरु हुन् ।
- माथि उल्लेखित लक्ष्यण र चिन्हहरु देखा परेमा तुरुन्तै स्वास्थ्य कार्यकर्तालाई देखाई नियमित उपचार गराएमा कुष्ठरोग पूर्ण रुपले निको हुन्छ ।
- सबै स्वास्थ्य संस्थाहरुमा कुष्ठरोगको जाँच तथा उपचार सेवा निःशुल्क उपलब्ध छ ।

"कुष्ठरोग उन्मुलन हाम्रो अभियान
छिटो उपचार र प्रभावितहरुलाई समुदायमा पुर्नस्थापना "

अनुरोधकः जिल्ला स्वास्थ्य कार्यालय पाल्पा

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

शिवराज जोशी

प्रमुख जिल्ला अधिकारी एवम्

जिल्ला प्रशासन कार्यालय, पाल्पा परिवार

जनमुखी प्रशासन अनुसासन र सुसासन

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

शिव कुमार श्रेष्ठ

प्रहरी नायव उपरीक्षक एवम्

जिल्ला प्रहरी कार्यालय, पाल्पा परिवार

"नागरिक पनि बिनावर्दीका प्रहरी हुन् ।"

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

जीतेन्द्र थापा

गणपति एवम्

चण्डीप्रसाद गण पाल्पा ब्यारेक परिवार

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

कमल नेपाल

कार्यालय प्रमुख एवम्

तथ्यांक कार्यालय पाल्पा परिवार

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

हरि प्रसाद तिमिल्सिना

डिभिजन प्रमुख एवम्

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पाल्पा परिवार

"खानेपानी सधै छोपेर राखौ, आफू पनि स्वस्थ्य बनौ र अरूलाई पनि सिकाऔ ।"

आम विद्युत उपभोक्ताहरुमा नेपाल विद्युत प्राधिकरण पाल्पाको अनुरोध

-विद्युत चोरी गर्नु कानुनी र सामाजिक अपराध हो ।

-विद्युत चोरी नगरौं र चोरी गरेको थाहा भएमा यथासिघ्र विद्युत कार्यालयमा जानकारी गराई सचेत नागरिकको परिचय दिऊ । यस्तो सूचना दिनेको नाम गोप्य राखिनेछ ।

-तपाईको घरटोलमा चुहावट नियन्त्रणको लागि आउने कर्मचारीहरुलाई सहयोग पुऱ्याई विद्युत चुहावट मुक्त समाजको निर्माणमा सहभागी होऔं ।

-समयमा नै विद्युत महशुल भूक्तानी गरि छुट सुविधा लिन नछुटौं ।

नेपाल विद्युत प्राधिकरण,

पाल्पा वितरण केन्द्र

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

दिर्घ बहादुर पोखरेल

स्थानीय बिकास अधिकारी एवम्

जिल्ला बिकास समिति कार्यालय पाल्पा परिवार

"जिल्ला भित्रिने आन्तरिक तथा बाह्र्य पर्यटकहरु हाम्रा लागि भगवान समान हुन् उनीहरुको स्वागत सम्मान गर्नु हाम्रो दायित्व हो ।"

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

जित बहादुर घले

प्रमुख एवम्

राष्ट्रिय अनुसन्धान कार्यालय, पाल्पा परिवार

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

कृष्ण नेपाल

सिंचाई अधिकृत एवम्

पश्चिमाञ्चल सिंचाई डिभिजन कार्यालय पाल्पा परिवार

"पानीको मुल पहिचान गरि सिंचाई गर्ने बानीको बिकास गरौ । आयआर्जन बढाऔं ।"

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

डा. नलिननाथ तिवारी

कार्यालय प्रमुख एवम्

जिल्ला आर्युवेद कार्यालय पाल्पा परिवार

"आर्यवेदिक औषधीको प्रयोग आफूले पनि गरौ र अरूलाई पनि चेतना जगाऔ।"

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

लोकनाथ सापकोटा

जिल्ला भु-संरक्षण प्रमुख एवम्

भु-संरक्षण कार्यालय, पाल्पा परिवार

"माटो पानीको मान आँखाको नानी समान ।"

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित हुँदै आएको यस रेष्टुरेन्ट नयाँ ब्यवस्थापन र परिष्कृतपनका साथ स्तरीय नास्ता र खानाका लागि सेवामा हाजिर रहेको जानकारी गराउँदछौं ।

हामीकहाँ नेपाली, पाल्पाली, चाइनिज, इन्डियन खाना तथा नास्ता र तन्दुरी स्न्याक्स्, कन्टिनेन्टल उपलब्ध छ ।

सदैव हामीलाई सम्झनुहोस्, आफ्नै ठान्नुहोस् ।

साथैं बिबाह, पार्टी, ब्रतबन्ध र अन्य भोजभतेर गर्नुपरेमा यहाँ हलको समेत ब्यवस्था छ । ....

इन्द्रेणी रेष्टुरेन्ट

बज्र होटलको भुइंतला

आन्दोलन चोक, तानसेन पाल्पा

(बसपार्कबाट टुँडिखेल जाने बाटोमा बायांपट्टी)

प्रो. टोप बहादुर न्यौपाने र गोपीकृष्ण देवकोटा

फोन नं. ०७५-५२१०८४, ९८४७१७२२०५, ९८४७२२४७७९

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

निरन भट्टराई

कार्यकारी अधिकृत एवम्

तानसेन नगरपालिका कार्यालय पाल्पा परिवार

"जिल्ला भित्रिने आन्तरिक तथा बाह्र्य पर्यटकहरु हाम्रा लागि भगवान समान हुन् उनीहरुको स्वागत सम्मान गर्नु हाम्रो दायित्व हो ।"

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

रमेश कुमार पाण्डे

प्रहरी नायव उपरीक्षक एवम्

शसस्त्र प्रहरी गण तानसेन, पाल्पा परिवार

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

प्रकाश लम्साल

जिल्ला बन अधिकृत एवम्

जिल्ला बन कार्यालय पाल्पा परिवार

"सामुदायिक वनमा वन ऐन, २०४९ र वन नियमावली २०५१ ले निशेध गरिएका कार्यहरू नगरौं/नगराऔं । प्रत्येक सामुदायिक वन उपभोक्ता समूहले आ-आफ्ना बिधान र कार्ययोजनाको पूर्ण पालना गरौं ।"

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

रविन्द्र बोहोरा

डिभिजन प्रमुख एवम्

शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय पाल्पा परिवार

"भवन आचारसंहिता पालना गरौ ।"

हार्दिक शुभकामना

नव वर्ष २०७१ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा दीर्घायु, सुख, शान्ति, समृद्धि एवम् प्रगति उन्नतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

कर्ण बहादुर रानाभाट

डिभिजन प्रमुख एवम्

पश्चिमाञ्चल सडक डिभिजन कार्यालय पाल्पा परिवार

"सडक तपाई हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण हामी सबैको साझा दायित्व हो । यसर्थ घर टहरा निर्माण गर्दा सडक संहिता पालना गरौ ।"

पशुपालक कृषकहरुमा जिल्ला पशुसेवा कार्यालय, पाल्पाको अनुरोध

यस कार्यालय मार्फत भेडा/ बाख्रामा लाग्ने पि.पि.आर रोग, सुगर बंगुरमा लाग्ने स्वाइन फिवर रोग र स्थानीय कुखुरामा लाग्ने रानीखेत रोग बिरुद्ध खोप लगाउने कार्यक्रम भएकोले आफूलाई पायक पर्ने पशु सेवा केन्द्रहरुमा सम्पर्क राखी आफूले पालेका बाख्रा, सुगुर, बंगुर र कुखुराहरुलाई समयमै महामारी जन्य रोग बिरुद्ध खोप लगाई पशुधनको सुरक्षाका लागि अवसर खेर नफालौं ।

अनुरोधकः जिल्ला पशु सेवा कार्यालय, पाल्पा